मिति २०७८।४।२६ गते वसेको गाउँ कार्यपालिकको बैठक

आ.ब. २०७८।७९ बैठक क्र.सं.-२

आज मिति २०७८।४।२६ गते पैंयू गाउँपालिकाका अध्यक्ष एवं गाउँ कार्यपालिकाका अध्यक्ष श्री खगेद्रप्रसाद तिवारीको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिम सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| सि.नं. | नाम | पद | कार्यपालिका सदस्य पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र प्रसाद तिवारी | अध्यक्ष पैंयू गाउँपालिका पैंयू | अध्यक्ष | |
| २ | श्री जसमति गुरुङ्ग | उपाध्यक्ष पैंयू गाउँपालिका पैंयू | सदस्य | |
| ३ | श्री पिताम्वर भुसाल | वडा अध्यक्ष १ नं. वडा कार्यालय | सदस्य | |
| ४ | श्री भिमसेन गुरुङ्ग | वडा अध्यक्ष २ नं. वडा कार्यालय | सदस्य | |
| ५ | श्री विष्णुप्रसाद काफ्ले | वडा अध्यक्ष ३ नं. वडा कार्यालय | सदस्य | |
| ६ | श्री महेन्द्रकुमार श्रेष्ठ | वडा अध्यक्ष ४ नं. वडा कार्यालय | सदस्य | |
| ७ | श्री उमाकान्त भुर्तेल | वडा अध्यक्ष ५ नं. वडा कार्यालय | सदस्य | |
| ८ | श्री थानेश्वर तिवारी | वडा अध्यक्ष ६ नं. वडा कार्यालय | सदस्य | |
| ९ | श्री भिमबहादुर गुरुङ्ग | वडा अध्यक्ष ७ नं. वडा कार्यालय | सदस्य | |
| १० | श्री कोपिला थापा | सदस्य (महिला) ३ नं. वडा कार्यालय | सदस्य | |
| ११ | श्री जसमाया गुङ्ग | सदस्य (महिला) ७ नं. वडा कार्यालय | सदस्य | |
| १२ | श्री रमा न्यौपाने | सदस्य (महिला) ६ नं. वडा कार्यालय | सदस्य | |
| १३ | श्री रुका न्यौपाने | सदस्य (महिला) १ नं. वडा कार्यालय | सदस्य | |
| १४ | श्री खैसरा घर्ती | सदस्य अल्प संख्यक २ नं. वडा कार्यालय | सदस्य | |
| १५ | श्री सुनिता बि.क. सुनार | सदस्य (दलित) ३ नं. वडा कार्यालय | सदस्य | |
| १६ | श्री केशव लामिछाने | प्रमुख प्रशासकीय अधिकृत | स.सचिव | |
| १७ | श्री सरोज पराजुली | लेखा शाखा प्रमुख | अन्य उपस्थिति | |
| १८ | श्री रविन्द्र गौतम | सुचना प्रविधि अधिकृत | अन्य उपस्थिति | |
| १९ | श्री अनिल कुमार न्यौपाने | इन्जिनियर | ,, | |
| २० | श्री कृष्ण प्रसाद भुर्तेल | का. वा. वडा अध्यक्ष | वडा नं. ४ | |

पैंयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०७८।४।२६ गते वसेको गाउँ कार्यपालिकको बैठक

आ.ब. २०७८।८९ बैठक क्र.सं.-२

**निर्णयहरु:**

१. प्राविधिक शाखाबाट पेश भइ आएको आर्थिक वर्ष २०७८।७९ को पालिकाको न्यूनत्तम दररेट स्वीकृत गर्ने ।

२. अपाङ्गता भएका ब्यक्तिहरुका लागि अपांगता भएका ब्यक्तिको परचिय पत्र वितरण कार्यविधि २०७६ अनुसार तपसिल बमोजिम अपाङ्गता परिचय वितरण गर्ने ।

| क्र.स. | वडा नं. | मिति (भाद्र गते) | कैफियत |
|---|---|---|---|
| १ | १ | २ | |
| २ | २ | ३ | |
| ३ | ३ | ७ | |
| ४ | ४ | ११ | |
| ५ | ५ | ८ | |
| ६ | ६ | ९ | |
| ७ | ७ | १० | |

३. मिति २०७८।४।११ गते बसेको गाउँकार्यपालिकाको निर्णयानुसार संस्थागत तथा सामुदायिक विद्यालयमा कक्षा १ देखि ७ सम्म टोलशिक्षा र ८ देखि माथि अनलाईन/भर्चुअल माध्यमबाट कक्षा सञ्चालन गर्ने गरी निर्णय भएकोमा कक्षा १ देखि ८ सम्म सञ्चालन भएका विद्यालयमा विहान १०- ४ बजे सम्म कोभिड सुरक्षा सर्तकता मापदण्ड अपनाइ कक्षा सञ्चालन गर्ने साथै कक्षा ९ देखि १२ सम्म विद्यालयको निर्णानुसार समय तोकि कक्षा सञ्चालन गर्ने ।

४. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (२) मा ब्यवस्था भए बमोजिम आर्थिक वर्ष २०७८।७९ को हुवास वर्राचौर सडकको लागि पूर्वाधार उपयोग अन्तर्गत सडक सेवा शुल्क संकलन गर्न गत वर्षको न्यूनतम अंकमा १० प्रतिशत थप गरी सिलबन्दी दरभाउपत्र आह्वान गर्ने । गत आर्थिक वर्षकै यथावत रहने गरी प्रति सवारी/ढुवानी दररेट ठेक्का सर्त तोक्ने ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

मिति २०७८।४।२६ गते वसेको गाउँ कार्यपालिकको बैठक

आ.ब. २०७८।७९ बैठक क्र.सं.-२

५. आर्थिक वर्ष २०७७।७८मा विपदजन्य प्रकोपबाट क्षतिभएका विपदपिडितहरुको लागि राहत वितरणमा छुटभएकाहरुको कागजात, विवरण स्थलगत निरिक्षण गरी संकलन र मुल्याँकन गरी सो को विवरण अर्को कार्यपालिकाको बैठकमा पेश गर्ने ।

६. हाल बाढि पहिरोको समय भएको र वडाका अत्यावश्यक वाटोहरु अवरुद्द भएकोले अत्यावश्यक बाटोहरु सुचारु गर्ने र सम्वन्धित वडाको शीर्षकबाट खर्च लेख्ने गरी प्राविधिक मुल्याँकनका आधारमा भुक्तानी दिने ।

७. पैंयु गाउँपालिका वडा नं. ४ स्थित हातेमालो चोक लुंखुको सडक खण्डको सानो स्वामी देखि मिलनटोल सम्म वर्षातका कारण पैदलयात्रा गर्न समेत कठिनाइ भएकोले सो खण्डमा विछ्याउने कार्यका लागि मात्र ढुंगा/ग्रावेल प्रचलित नियमबमोजिमको राजश्व लिइ मिति २०७८।४।२६र २७ गते दिउसो १०-४ बजे सम्म सेती खोलाबाट निकाल्नको लागि सम्वन्धित निर्माण ब्यवसायीको लागि अनुमति दिने ।

८. स्थानीय शिक्षा समितिको पुनर्गठन सम्वन्धमा प्रचलित नियमानुसार सहितको विवरण कार्यपालिकाको बैठकमा पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने ।

९. गत आर्थिक वर्षमा सञ्चालित पाडापाडी संरक्षण सम्बन्धी कार्यक्रममा विनियोजित बजेट अपुग भएकोले कागजात रुजु गरी मनासिव देखिएमा छुट भएका कृषकलाई गत आर्थिक वर्षमा तोकिए बमोजिमको अनुदान उपलब्ध गराउने ।

१०. पैंयू गाउँपालिका वडा नं. ४ रामबहादुर आलेको छोरा एवम् पूर्व शिक्षक गुम बहादुर आले बिरामी परेको र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले औषधी उपचारको लागि रु. ५० हजार सहायता दिने ।

११. सरौखोला स्वास्थ्य चौकी र टकलाक स्वास्थ्य चौकीमा रिक्त रहेको कार्यालय सहयोगी पदको प्रचलित कानून बमोजिम पूर्ति गर्ने प्रक्रिया अघिबढाउने ।

पैंयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३